# स्थानीय राजपत्र

## बौंदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६, भाग २, संख्या १६, मिति २०७९ कार्तिक १८ गते

## भाग-२
## बौंदीकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी सुस्ता पूर्व

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौंदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बौदीकाली गाउँपालिकाको प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९**

प्रस्तावनाः

शिक्षा एक आधारभूत मौलिक हकको रुपमा रहेको छ।प्राविधिक शिक्षामा खास गरि बौदीकाली गाउँपालिकाका छात्रछात्राहरुको पहुँच कमजोर भएको हुँदा प्राविधिक शिक्षामा लक्षित समूहका छात्रछात्राहरुको पहुँच बढाई गुणस्तरीय शिक्षा प्रदान गरि प्रोत्साहन गर्न आवश्यक रहेको देखिन्छ।अतः प्राविधिक शिक्षाको डिप्लोमा तहका विभिन्न अध्ययन गर्ने तथा जेहेन्दार छात्रछात्राहरुलाई प्रोत्साहन गर्न प्राविधिक शिक्षा अध्ययन छात्रवृत्तिको वितरण गर्न वाञ्छनीय देखिएकाले बौदीकाली गाउँपालिकाको गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९ जारी गरि लागू गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम "प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभापाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यविधि" भन्नाले प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९ लाई सम्झनु पर्दछ।

ख. "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिका, नवलपरासी (ब.सु.पू) लाई सम्झनु पर्छ ।

ग. "प्राविधिक शिक्षा" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट अनुमति लिई सामुदायिक विद्यालयहरुमा संचालित कृषि तथा पशु विज्ञान, इन्जिनियरिङ्ग, स्वास्थ्य वा अन्य यस्तै प्राविधिक धार तर्फका कक्षा सम्झनु पर्दछ।

घ. घ."शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले बौदीकाली गाउँ कार्यपालिकाको कार्यालयक शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

ङ. "प्राविधिक शिक्षालय" भन्नाले सरकार नेपाल सरकार (CTEVT) बाट मान्यता प्राप्त शिक्षालयलाई सम्झनु पर्दछ।

च. "छात्रवृत्ति संचालन तथा व्यबस्थापन समिति" भन्नाले यसै कार्यविधिको दफा १३ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

छ. "छात्रवृत्ति" भन्नाले तोकिएको सूचकका आधारमा छनौट भएका छात्रछात्राहरुलाई निःशुल्क प्राविधिक शिक्षा अध्ययनका लागि गाउँपालिकाले उपलब्ध गराउने बार्षिक मौद्रिक सुविधालाई जनाउँछ।

**३. प्राविधिक शिक्षा छात्रवृत्ति वितरण गर्नुको उद्देश्य देहाय बमोजिम रहेका छन्:-**

क. बौदीकाली गाउँपालिकाका विपन्न तथा जेहेन्दार छात्रछात्राहरुमा प्राविधिक शिक्षाको पहुँच स्थापित गर्नु।

ख. बौदीकाली गाउँपालिकाबासीको मुख्य पेशाको रुपमा रहेको कृषि क्षेत्रको लागि अत्यावश्यक प्राविधिक जनशक्ति तयार गरि कृषि आधुनिकरण तथा व्यवसायीकरणलाई प्रबर्द्धन गर्नु।

ग. गाउँपालिका भित्रका प्राविधिक शिक्षालयहरुमा आर्थिक अभावका कारण प्राविधिक शिक्षा अध्ययनको अवसर नपाएका विद्यार्थीहरुलाई अध्ययनकव अवसर प्रदान गर्नु।

घ. हालैका बर्षबाट प्राविधिक शिक्षा संचालन गरिरहेका पालिका प्राविधिक शिक्षालयमा विद्यार्थी संख्या कम देखिएका कारण विद्यार्थीको आकर्षण बढाई शिक्षालयहरुलाई आर्थिक रुपले सबल बनाउनु।

## परिच्छेद-२
## छात्रवृत्तिका लागि समावेश गरिएको विषय क्षेत्र तथा लक्षित समूह

४. यो छात्रवृत्ति गाउँपालिकाले तोके बमोजिमको डिप्लोमा तह TSLC (१८ महिने) वा सो सरहको प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुको लागि मात्र उपलब्ध गराइनेछ।

५. बौदीकाली गाउँपालिका भित्र संचालित प्राविधिक शिक्षालयमा माथि उल्लेख गरिएका विषय क्षेत्रहरुमा अध्ययन गरिरहेका गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने तोकिएको संख्याका विपन्न तथा जेहेन्दार छात्रछात्राहरु यस छात्रवृत्तिका लक्षित समूह रहेका छन्।

## परिच्छेद-३
## छात्रवृत्तिका लाभग्राही विद्यार्थी छनौट निरन्तरताका आधार तथा शर्तहरु

**६. यो छात्रवृत्ति वितरणका लागि निम्न आधारहरु अपाइनेछः**

क. बौदीकाली गाउँपालिकाभित्र संचालित प्राविधिक शिक्षालयमा उल्लेखित तह र विषयको प्रवेश परीक्षा उत्तिर्ण गरि सोहि शिक्षालयमा भर्ना भई नियमित अध्ययन गरिरहेको हुनुपर्ने।

ख. छात्रवृत्तिको लागि निवेदन दिएको बर्ष अन्य कुनै सरकारी छात्रवृत्ति नपाएको भनि अध्ययरत शिक्षालयले सिफारिस गरेको हुनुपर्ने।

ग. बौदीकाली गाउँपालिकाको स्थायी बासिन्दा तथा विपन्न परिवारको विद्यार्थी हो भनी सम्बन्धित वडाको सिफारिस संलग्न हुनुपर्ने।

घ. उच्च अनुशासन, असल आचरण भएको तथा बाल विवाह नगरेको हुनुपर्ने।

ङ. सूचना जारी गरि प्राप्त आवेदनहरको SEE को शैक्षिक प्रमाणपत्रकव औषत जि.पि.ए. तथा अध्ययनरत शिक्षालयले लिएको प्रवेश परीक्षाको प्राप्ताङ्क साथै आर्थिक रुपमा विपन्नताको आधारमा मेरिट सूची तयार गरि मेरिटमा उच्च स्थानमा रहेकालाई छात्रवृत्तिका लागि छनौट गरिने।

**७. कुनै कक्षामा छात्रवृत्ति पाएका विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैनन्ः**

क. जम्मा विद्यालय खुलेको दिनको असी (९०) प्रतिशत हाजिरी नभएमा,

ख. अध्ययनको सिलसिलामै २० वर्षभन्दा कम उमेरमा विवाह गरेमा,

ग. गलत वा झुट्टा विवरण भरेको प्रमाणित भएमा,

घ. तोकिएको योग्यता हासिल गर्न नसकेमा,

ङ. गाउँपालिका वा विद्यालय प्रशासनले तोकेको अन्य नियम उल्लङ्घन गरेको प्रमाणित भएमा।

८. छात्रवृत्तिको लागि छनौट भएका प्रत्येक छात्रछात्राले कम्तिमा एक वर्ष बराबर अवधिको लागि बौदीकाली गाउँपालिकाले तोकेको वडामा खटिएर अध्ययनसंग सम्बन्धित विषयमा स्वयंसेवा गर्नुपर्ने शर्त लिखित रुपमा मञ्जुर गर्नुपर्नेछ।

९. बुँदा ८ बमोजिमका शर्त मुञ्जर गरि अध्ययन समाप्ति पश्चात शर्त कार्यान्वयन नगरेमा छात्रवृत्ति वापत उपलब्ध गराइएका रकम बार्षिक १० प्रतिशत ब्याज सहित सरकारी बाँकि सरह निजको चलअचल सम्पत्तिबाट असुल उपर गरिनेछ। त्यसको मञ्जुरीनामा निवेदनसँगै पेश गर्नुपर्नेछ।

## परिच्छेद-४
## छात्रवृत्ति कोटा, रकम तथा रकम निकासा प्रकृया

१०. यस कार्यविधि बमोजिम उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति तपशिल अनुसारकव वडागत कोटा कायम गरि उपलब्ध गराइनेछ। तर कुनै वडाको कोटामा छात्र वा छात्रा कम भएमा सोहि वडाको वैकल्पिक सूचीको क्रममा रहेका क्रमशः छात्रा वा छात्रबाट तथा यसरी पनि कोटा पुरा नभएमा वैकल्पिक सूचीको उपल्लो क्रममा रहेको अन्य वडाका क्रमशः छात्र वा छात्राबाट पुर्ति गर्न सकिनेछ।

| क्र.सं. | छात्रवृत्तिको वितरण | छात्रवृत्ति प्राप्त गर्ने गाउँपालिका जम्मा छात्रछात्रा प्रतिवडा ७ वटाका दरले | जम्मा |
|---|---|---|---|
| १ | जुनसुकै संकायको प्राविधिक शिक्षा | ४२ | ४२ |

११.यस कार्यविधि बमोजिम उपलब्ध हुने छात्रवृत्ति सम्बन्धित प्रति छात्र/छात्रा अधिकतम मासिक रु. पाँच हजार दरले उपलब्ध गराइनेछ। गाउँपालिकाले सम्बन्धित प्राविधिक शिक्षालयसंग समन्वय गरि छावृत्ति प्राप्त गरेका छात्रछात्राहरुले छात्रवृत्तिको रकममा अध्ययन गर्न सक्ने व्यवस्था मिलाउन सहजीकरण गर्नुपर्नेछ।

१२.मेरिट लिस्टका आधारमा छनौट भएका विद्यार्थीहरुलाई बौदीकाली गाउँपालिकाबाट उपलब्ध हुने छात्रवृत्ति रकम निजहरुको अध्ययन गरिरहेका प्राविधिक शिक्षालयबाट प्राप्त निजहरुको अध्ययन प्रगति प्रतिवेदनको आधारमा अर्धवार्षिक रुपमा सोहि शिक्षालयको खाता वा सम्बन्धित विद्यार्थीको बैंक खाता मार्फत उपलब्ध गराईनेछ।

## परिच्छेद-५
## छात्रवृत्ति संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१३. गाउँपालिकाबाट वितरण गरिने छात्रवृत्तिको छात्रवृत्ति कार्यक्रम संचालन गर्न देहायको समिति गठन गरिनेछ।

क. गाउँ शिक्षा समितिको संयोजक -संयोजक
ख. उपाध्यक्ष -सदस्य
ग. प्रमुख प्रशासकीय अधिकृत -सदस्य
घ. सामाजिक विकास समितिको संयोजक -सदस्य
ङ. गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

१४. बुँदा नं. १३ मा उल्लेखित समितिले आवश्यकता परेको खण्डमा उल्लेखित छात्रवृत्तिसंग सम्बन्धित विषयमा अनुभव भएका विज्ञहरु मध्येबाट २ जनासम्मलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

१५. बुँदा नं. १३ बमोजिम गठन भएको समितिको बैठक संयोजकले तोकेको मित, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

१६. छात्रवृत्ति वितरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. यस छात्रवृत्ति वितरण कार्यविधिको अधिनमा रहि लक्षित समूहका विद्यार्थीहरुबाट दरखास्त आव्हानको सूचना प्रकाशन, प्राप्त भएका आवेदन उपर छानविन तथा मुल्यांकन गरि योग्य उम्मेदवारको छनौट गरि छात्रवृत्तिको लागि सम्बन्धित प्राविधिक शिक्षालयलाई सिफारिस गर्ने।

ख. छात्रवृत्ति वितरणका लागि आवश्यक बजेटको व्यवस्था गर्ने कार्यपालिकालाई सिफारिस गर्ने।

ग. छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुलाई अध्ययन पुरा भए पश्चात गाउँपालिकाको कुनै वडा तवकी स्वयं सेवाका लागि खटाउने तथा निजहरुको स्वयं सेवाको अनुगमन तथा मुल्यांकन गर्ने।

घ. छात्रवृत्तिको सम्बन्धमा प्राविधिक शिक्षालयसंग समन्वय गर्ने।

१७. छात्रवृत्ति वितरण सम्बन्धी कुनै विवाद वा अन्य कुनै प्राविधिक समस्या उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

## अनुसूची-१

### प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति आवेदन फारमको ढाँचा

| |
|---|
| दुवै कान देखिने<br>हाल सालै खिचेको<br>पासपोर्ट साइजको<br>रंगिन फोटो |

मितिः-..........................

श्रीमान् संयोजक ज्यू,
छात्रवृत्ति संचालन तथा व्यवस्थापन समिति,
बौदीकाली गाउँपालिका, नवलपरासी (ब.सु.पू) ।

**विषयः प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति उपलब्ध गराई पाउँ।**

प्रस्तुत विषयमा ताहाँ गउँपालिकाबाट मिति................................. प्रकाशित प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धि सूचना बमोजिम नवलपरासी (ब.सु.पू.) जिल्ला बौदीकाली गाउँपालिकाको वडा नं. ............................ मा स्थायी निवासी................................ को नाती/नातिनी.......................................... तथा ..........................................को छोरा/छोरी म निवेदक ................................................ले ................................................................... विद्यालयमा ................................... विषय लिई प्राविधिक शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न तथा जेहेन्दार विद्यार्थी समेत भएकाले ताहाँ गाउँपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति पाउँ भनि श्रीमान् समक्ष यो निवेदन पेश गर्दछु।सूचनामा माग भए बमोजिमका प्रमाणित गरि कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु ।

निवेदक

नामथरः

दस्तखतः

ठेगानाः

## अनुसूची-२

### प्रतिवद्धता पत्रको ढाँचा

| |
|---|
| दुवै कान देखिने हाल सालै खिचेको पासपोर्ट साइजको रंगिन फोटो |

मितिः-........................

### प्रतिवद्धता पत्र

नवलपरासी (ब.सु.पू) जिल्ला बौदीकाली गाउँपालिकाको वडा नं. ............. मा स्थायी निवासी ............................ को नाती/नातिनी ................................................ तथा ..........................................को छोरा/छोरी म निवेदक ..................................................ले ..................................................................... विद्यालयमा .................................... विषय लिई प्राविधिक शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न तथा जेहेन्दार विद्यार्थी समेत भएकाले ताहाँ गाउँपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति प्राप्त गरि अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात गाउँपालिकाले तोकेको वडामा कम्तिमा .............. बर्ष सेवा गर्ने लिखित प्रतिबद्धता जाहेर गर्दछु।

| प्रतिबद्धता जाहेर गर्नेको | प्रतिबद्धता जाहेर गर्नेको प्रमुख संरक्षकको |
|---|---|
| नामथरः | नामथरः |
| दस्तखतः | दस्तखतः |
| ठेगानाल | ठेगानाल |
| औठाछापः | औठाछापः |
| दायाँ बायाँ | दायाँ बायाँ |

**प्रमाणीकरण मिति : २०७९/०७/०१**

आज्ञाले,
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका